# रूपान्तरण

बर्ष ४ (भाद्र) अंक २


## शुभकामना



प्राविधिक शिक्षा एवं व्यावसायिक तालीमको क्षेत्रमा सुरु गरेको अनन्त यात्राको सफलतम् साढे तीन दशक पार गरेकोमा गर्वको अनुभव भएको छ। करीव दुई वर्ष अघि देखि युसेप नेपालले सुरु पञ्च वर्षे रणनीति कार्य योजना कार्यान्वयनको क्रममा छ । व्यावसायिक तालीमका क्षेत्रमा सशक्त रुपमा उभिएको यस संस्थाको भावी दिनहरु अत्यन्तै चुनौतीपूर्ण छन् । यसो भएता पनि चुप लागेर बस्नु हुँदैन, चुनौती स्वीकारेर प्रयास गर्ने हो भने हामीले यस क्षेत्रबाट आफ्नो अस्तित्व माथि उठाउन सक्नेछौं । यसको लागि धेरे नविनतम् प्रयोग एवं रचनात्मक कदमहरु उठाउन जरुरी भएको छ। यस सन्दर्भमा रणनीतिक योजनाले निर्धारण गरेको क्षेत्रहरुमध्ये, महिलाहरुका लागि कथित अपरम्परागत सीपमा महिला सहभागितालाई प्राथमिकता दिई सीपमूलक तालीम कार्यक्रमहरुलाई प्राथमिकता दिई सशक्त रुपमा संचालन भइरहेको छन् ।

रुपान्तरणले प्रविधिसंग सम्वद्ध विविध प्रकारका सीपमूलक सामग्री प्रकाशन गर्दैछ । त्यस्तै विशेष सामाग्रीका साथ विषयमा केन्द्रित भै विगतका अंकहरुमा भन्दा पृथक यो अंक प्रकाशन हुन लागेको कुरा सम्बद्द सबैमा अवगत गराउँदछु। यसका लागि सबै लाई धन्यवादज्ञापन गर्दछु। भविष्यमा पनि संस्थाको नाम उँचो राख्न सबैले आ-आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउने कुरामा विश्वस्त भएको छु । अन्त्यमा, २०७२ सालको नेपालीहरुको महान् पर्वहरु विजयादशमी, दिपावली एवं छठ जस्ता पर्वको पावन अवसरमा सम्पूर्ण नेपाली एवं शिक्षालयमा सीपमूलक तालीम प्रदान गर्ने र ग्रहण गर्ने सबैको जीवन उल्लासपूर्ण एवं सफल बनोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

**– राम कृष्ण निराला**
**अध्यक्ष, युसेप नेपाल**

## सम्पादकीय

युसेप नेपालले निर्दिष्ट गरेको पाँच बर्षे रणनीति अनुसार दोस्रो बर्षको कार्यकालमा निर्धारीत लक्ष्य प्राप्तिमा निरन्तर रुपमा अघि बढिरहेको सानो ठिमी प्राविधिक शिक्षालयले उत्साहवर्द्धक उपलब्धीहरु हासिल गरीरहेको तथ्य यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा रुपान्तरण टिम गर्व महशुस गर्दछ । यसै बर्षको पहिलो महिनामै आएको महाभूकम्पले ल्याएको बिनासमा सानो अंशमै भए पनि भूकम्प पिडितहरुको राहतमा सहभागी हुन पाएकोमा सम्बद्ध सबैलाई धन्यबाद दिन चाहन्छौ । यसबीचमा हामीले FCA को सहयोगमा २००० परिवारलाई राहत सामाग्री वितरण गर्न, ५० वटा विद्यालयहरुमा अस्थायी शिक्षा केन्द्र र अस्थायी चर्पी निमार्ण गर्न सफल भयौं र अझै पनि आवश्यकता अनुसारको बिशेष गरी शिक्षा क्षेत्रको सेवा तथा सहयोगमा निरन्तर लागरीहेका छौं ।

हिजो पुरानो हुन्छ, वर्तमान चुनौतिपूर्ण हुन्छ र भबिष्य अनिश्चित। यसै तथ्यलाई मध्ये नजर गर्दै हिजो सिकेका कुराहरुलाई बर्तमानमा प्रयोग गर्न र त्यसै अनुभवलाई भविष्यको योजना तर्जुमा गर्नमा प्रयोग गर्नु सफलताको सूचक मानेको शिक्षालयले भविष्यमा पनि व्यावसायिक तालीमको उत्थानमा महत्वपूर्ण योगदान पुऱ्याउने कुरामा दुईमत छैन । किनभने शिक्षाको क्षेत्रमा प्राविधिक शिक्षा र व्यावसायिक तालीमको स्थायीत्व र निरन्तरता हाम्रो प्राथमिकता हो । अन्त्यमा नेपालीहरुको महान पर्व बिजयादशमी, दीपावली एवं छठ पर्वको उपलक्ष्यमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।


**सल्लाहकार**

रामकृष्ण निराला
डा.तुलसी प्रसाद भट्टराई
लोकेश राज दली
सुवास सुवेदी

**सम्पादक**

चन्द्र कुमार ढुंगाना

**विशेष सहयोगी**

केशव सुवाल
राजिद सैंजू
भविन रानाभाट
सोनी तण्डुकार
सरोज न्यौपाने

**कार्य मण्डल**

सन्जु बज्राचार्य
संगम चालिसे
दिपेन्द्र न्यौपाने
राम सुन्दर सुवाल
सर्मिला श्रेष्ठ
सन्तुलन देशेमरु
हिरामणी हुमागाई



**प्रकाशक**

**सानो ठिमी प्राविधिक शिक्षालय**
सानोठिमी, भक्तपुर
फोन नं. ६६३१२७९, ६६३०३८८

# युवा उद्यमशीलताको लागि सीपमूलक तालीम

राष्ट्र निर्माणको अभियानमा युवाहरुको बहुआयामिक विकासले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। कुनै पनि समाजको भविष्य त्यस समाजसंग आबद्ध युवाहरुको उत्पादक शक्ति र क्षमताले निर्धारण गर्दछ। यूवाहरु जब जागरुक, सक्षम र सीपयुक्त हुन्छन तब मात्र उनीहरु परिवार, समाज र राष्ट्रका लागि वलियो आधार बन्न सक्दछन्। नेपालको सन्दर्भमा हेर्दा १६ देखि ४० वर्ष उमेर समूहका व्यक्तिहरुलाई राष्ट्रिय युवा नीतिले युवाको रुपमा परिभाषित गरेको छ। नेपालका युवाहरुलाई विभिन्न नीतिगत तहमा विभिन्न उपसमूहहरु जस्तै अपांगता भएका युवा, विपन्न युवा, सुविधावाट वञ्चित युवा, आदिवासि जनजाति युवा, द्वन्द पीडित युवा, मधेसी युवा आदि नामले विभाजन गरीएको पाइन्छ।

देशको कुल जनसंख्याको करिब ३८ प्रतिशत संख्या ओगेटेको यो जनशक्ति मध्ये ३० लाख भन्दा बढी रोजगारीको सिलसिलामा खाडी मुलुकहरुमा विदेशिन वाध्य भएका छन्। भारतमा मात्र वर्षेनी ठूलो संख्यामा युवाहरु कामको खोजीमा भौतारिने गरेको राष्ट्रिय तथ्यांकले देखाउँछ। वैदेशिक रोजगारी नेपाली युवाहरुको वाध्यताको खेती बनेको छ। आर्थिक वर्ष २०७१/०७२ को प्रथम तीन महिनाको तथ्याङ्क अनुसार वैदेशिक रोजगारीमा जानेहरुको संख्या दैनिक औसत एक हजार पाँच सयको हाराहारीमा छ भने मासिक ५० अर्बको हाराहारीमा रेमिट्यान्स भित्रिने गरेको छ। यो संख्या नेपाल सरकारको श्रम विभागमा दर्ता गराएर जानेहरुको हो। अन्य माध्यमबाट जानेहरुको संख्या पनि उलेख्य छ। यसमा भारतमा काम गर्न जानेहरुको संख्या उल्लेख छैन। वर्षेनी श्रमको खोजीमा विदेशिनेहरुको संख्यामा क्रमिक रुपमा वृद्धि हुँदै गइरहेको छ र यो वृद्धिदर वार्षिक सरदर २० प्रतिशत छ।

आफ्नो देशमा रोजगारीको अवसर उपलब्ध नहुनु, उपलब्ध रोजगारीको अवसरभन्दा राम्रो अवसर विदेशमा उपलब्ध हुनु र सूचना, सञ्चार र यातायातको सुविधाले विश्व नै नजिकिँदै गएको ले वैदेशिक रोजगारीमा जाने प्रचलन बढेको छ। खास दक्षताविना जाने युवा जनशक्तिले आफ्नो कार्य जीवनको सक्रिय भाग विदेशी भूमिमा खर्चिन्छ र शक्तिविहीन अवस्थामा स्वदेश फर्किन्छ। प्राप्त आम्दानीमध्ये अधिकांश भाग आफ्नो परिवारको भरणपोषण र अन्य उपभोग्य सामानहरुको खरिदमा खर्च हुन्छ।

जब एउटा व्यक्ति आफ्नो सम्पूर्ण सक्रिय कार्य जीवन सकेर फर्किंदा ऊसँग बचत नगन्य मात्रामा रहन्छ, यस्तो अवस्थामा उसको जीवनस्तर पूर्वअवस्थामा नै रहन्छ। युवा जनशक्ति बाहिरिदा देशलाई पर्ने जनशक्तिको अभावले देशको जनसंख्यालाई आवश्यक पर्ने अन्य उपभोग्य वस्तुका लागि आयातमा निर्भर पर्नुपर्ने अवस्था छ। श्रम शक्तिको अभावमा पशुपालन व्यवसायमा ह्रास हुँदै गएकोले दूधजन्य पदार्थको आयातमा वृद्धि हुँदै गइरहेको छ। हामीले हाम्रो जनशक्तिलाई अदक्ष रुपमा बाहिर पठाउँदै छौं र हामीले महङ्गो मूल्यमा प्राविधिक जनशक्ति विदेशबाट भित्र्याइ रहेका छौं। विदेशबाट आएको पैसा उपभोग्य वस्तुको खरिदमा विदेशमा नै पुग्दैछ।



माथि उल्लेख गरीएका युवाहरुको उप समूहगत वर्गीकरणको आधारमा हेर्दा नेपालका युवाहरुको सामाजिक, आर्थिक र भौगोलिक विविधताको सन्दर्भले मात्र पनि उनीहरुको लागि प्राप्त सेवा, सुविधा र स्रोत माथिको पहुँचमा ठूलो खाडल रहेको देखिन्छ। युवाहरुका साझा समस्याहरु केलाएर हेर्ने हो भने मुख्य गरेर वेरोजगारी समस्या भयावह रुपमा देखा पर्दछ।

प्रत्येक वर्ष ४ लाख भन्दा बढीको संख्यामा युवाहरु श्रम बजारमा प्रवेश गरीरहेका छन्। कोरा साधारण शिक्षा दिने शिक्षा प्रणाली, स्वरोजगारीको अवसरको अभाव, सीपयुक्त प्रशिक्षण कार्यक्रममा व्यापकता नहुनु, नयाँ तथा आधुनिक प्रविधिको ज्ञानको अभाव, सीपयुक्त तालीम कार्यक्रममा पहुँच नहुनु, श्रम र सीपयुक्त कामलाई दोस्रो दर्जाको कार्य मान्ने सामाजिक रुढिवादी सोचाइ, स्वदेशमा भन्दा वैदेशिक रोजगारीलाई प्राथिकतामा राख्ने अज्ञानतापूर्ण मानसिकता आदि कारणहरु नै नेपाली युवाहरु वेरोजगार रहनुका प्रमुख कारणहरु हुन्।

युवा शसक्तीकरणको लागि माथि उल्लेख गरीएका वेरोजगारीका कारक तत्वहरुमा राज्यबाट जवरजस्त प्रभावकारी कार्यक्रमहरु मार्फत सुधारात्मक कदमहरु चाल्न विभिन्न प्रयासहरु नभएका होइनन्। युवाहरुलाई सीपयुक्त बनाई उनीहरुलाई स्थानीय स्तरमानै स्थानिय स्रोत र साधन परिचालन गरी आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रमहरु सरकारी तथा गैह्रसरकारी स्तरवाट गरीदै आएको छ। यति हुँदा हुँदै पनि कैयौं युवाहरु आफूलाई राज्य र निजीस्तरवाट प्रदान गरीएका अवसरहरुवारे अनभिज्ञ मात्र होइन जनचेतनाको अभावको कारण त्यस्ता अवसरहरु प्रति आकर्षित भएको पाईदैन।

युवाहरुलाई सीपयुक्त तालीममा सहभागी गराउनमा मुख्य गरेर ३ वटा रोजगारीका क्षेत्रहरुलाई लक्षित गरीएको पाईन्छ। ती क्षेत्रहरुमा स्वदेशी रोजगारी, वैदेशिक रोजगारी र स्वःरोजगारी प्रमुख रुपमा रहेका छन्। आधारभूत सीपयुक्त जनशक्तिको माग स्वदेश भित्रनै अत्यधिक रुपमा बढ्दै गइरहेको छ भने हाल वैदेशिक रोजगारीमा गइरहेको ठूलो युवा जमातलाई सीपयुक्त बनाई पठाउन सके त्यस्तो जनशक्तिवाट मुलुकमा भित्रिने विदेशी मूद्रालाई दुई गुणा बढाउन सकिने संभावना रहेको छ। रोजगारीको तेस्रो क्षेत्र स्वः रोजगारी हो। उद्यमशिलताको विकास मार्फत युवाहरुलाई स्वःरोजगारीमा आर्कषित गर्न सके स्थानीय श्रोत , साधन, र सीपको अधिकतम उपयोग गरी परिवार , समाज र राष्ट्रलाई नै आत्मनिर्भर बनाउन सकिने कुरामा दुइमत हुन सक्दैन।

उद्यमशीलताले नै युवा शसक्तीकरण गराई उनीहरुलाई आफ्नो भविष्य आफै निर्माण गर्न मद्दत पुऱ्याउँदछ। नयाँ अवसरहरुको खोजी गर्न, आफ्नो उत्पादनको विशिष्टिकरण गर्न ,सीप अभिवृद्धि गरी पेशागत दक्षता हासिल गर्न, रोजगारीका क्षेत्रहरु विस्तार गर्न,

आत्मनिर्भर भै व्यावसायिक पद्धतिवाट आर्थिक उन्नति गर्न युवाहरुको लागि उद्यमशीलताको विकास एउटा सर्वमान्य सामाधान हो भन्न सकिन्छ । उद्यमशीलताले नै युवाहरुलाई व्यावसायिक अनुभव दिलाउदै त्यसवाट आयआर्जनका चौतर्फी ढोकाहरु उघार्दै आर्थिक उन्नतिको उचाइमा पुऱ्याउँछ । साना व्यावसाय नै सामाजिक तथा आर्थिक उन्नतिका मेरुदण्ड हुन् । व्यावसायीककरणको लागि आवश्यक पर्ने सीप , प्रविधि, पुँजी, बजार र श्रोतको उचित प्रयोग गर्न सक्ने युवाशक्ति विकास गर्न सकेमा वेरोजगारीमात्र होइन गरीवी निवारण गरी एउटा संम्पन्न एवं विकसित राष्ट्र निर्माणको सार्थक अभियान सफल हुन सक्दछ ।

युवा उद्यमशीलता विकासको सवैभन्दा भरपर्दो एवं दरिलो आधार भनेको उनीहरुलाई कुनै न कुनै प्राविधिक एवं व्यावसायिक सीप प्रदान गरी आत्मनिर्भर बनाउनु हो । स्थानीय आवश्यकता अनुसारको प्राविधिक तथा व्यावसायिक विषय छनौट गरी स्थानीय स्रोत एवं साधनको प्रयोग गरी वेरोजगार युवाहरुलाई सीपमूलक तालीम प्रदान गर्नुका साथै उनीहरुलाई उद्यम गर्न अभिप्रेरित गर्ने वातावरण तयार गर्नु आजको आवश्यकता रहिआएको छ । यसका साथ साथै उद्यम र उद्यमशीलता विकासको संस्कृति स्थापित गर्न जनचेतनामूलक कार्याक्रम संचालन गर्ने, स्थानिय युवाहरुलाई उद्यम गर्न सक्ने व्यावसायिक एवं प्राविधिक सीप दिलाई उनीहरुको दक्षता अभिवृद्धि गर्ने, उद्यमशीलता विकासको लागि आवश्यक पर्ने व्यवस्थापकीय तथा नेतृत्व क्षमता विकास गर्ने, उद्यम गर्न सक्ने व्यावसायिक एवं प्राविधिक संजालमा उद्यमशील युवाहरुलाई आवद्ध गर्दै नयाँ प्रविधि, नयाँ बजार, नयाँ अवसरहरुसंग परिचित गराउने र लघुवित्त कार्यक्रमहरुको माध्यमबाट लघु उद्योग एवं व्यवसाय संचालन गर्न सकेमा उद्यमशीलता विकासको लक्ष सजिलै हासिल गर्न सकिन्छ ।

नेपालमा हाल विभिन्न सरकारी र गैरसरकारी क्षेत्रबाट संचालन गरीएका सीपमूलक तालीमहरुमा एकरुपता ल्याई त्यस्ता तालीमहरुलाई उद्यमशीलता विकास कार्यक्रमहरु संग आवद्ध गर्ने प्रयासहरु भएका छन् । पिछडिएको र सुविधावाट वंचित महिला एंव पुरुषहरुलाई लक्षितगरी संचालित त्यस्ता कार्यक्रमहरु धेरै हद सम्म सफल पनि भएका छन् । कार्यक्रमहरुलाई व्यापक रुपमा संचालनगरी त्यस्ता लक्षित युवाहरुको पहुँचमा पुऱ्याउनुका साथै युवाहरुलाई आकर्षित गरी कार्यक्रमहरुमा सहभागी गराउन अझै धेरै प्रयास आवश्यक देखिएको छ ।

आजको खुला अर्थव्यवस्थामा देशबाट बाहिरिने श्रम शक्तिलाई सर कारले रोक नै लगाउन त सक्दैन तर देशमा अवसरहरुको सिर्जना, तालीम कार्यक्रमहरुको संचालन गरेर स्वदेशमा नै उद्यम गर्न अनुकूल वातावरण सिर्जना गर्ने नीति लिएर विदेशमा श्रम गर्दा प्राप्त हुने पारिश्रमिक देशभित्रै प्राप्त हुने अवस्थामा देश बाहिरिने जनशक्ति मात्र हैन विदेशमा रहेको जनशक्तिसमेत स्वदेशमा नै आकर्षित हुन्छ । यसो गर्न सकेमा बेरोजगार युवाहरुलाई सीपयुक्त वनाई उद्यमशीलताको माध्यमवाट सामाजिक एवं आर्थिक रुपमा आत्मनिर्भर वनाउन सकिने कुरामा विश्वस्त हुन सकिन्छ ।

**– रामवावु अधिकारी**
**प्रशासन प्रमुख, सीप विकास परियोजना**

## "स्वरोजगार तर्फ उन्मुख पाईला"

२१ बर्षे इन्द्र चौधरीको जन्म जोशीपुर-८, कैलाली अवस्थित एक मुक्त कमैया परिवारमा भएको हो । तत्कालीन कमैयाहरुको साझा दुखद परिवेश बिच उसको पढाईले आठ कक्षा सम्मको निरन्तरता पाउन सक्यो । तत् पश्चात एक अदक्ष कामदारका रुपमा जोशिपुर वजार स्थित एक मोटरसाईकल सर्भिसिङ्ग सेन्टरमा उनले काम सुरु गरे जस बापत उनले दिउँसोको खाजा र प्रति मोटरसाईकल रु १० पाउँथे । उक्त स्थानमा काम गर्दै गर्दा उनले आफू जस्तै युवाहरुका लागि व्यवसायिक तालीमको अवसर आएको कुरा मुक्त कमैया र कमलरीका लागि काम गर्ने संस्था "कमैया प्रथा उन्मुलन समाज" बाट थाहा पाए । उक्त



अवसरको कुराले उनलाई निकै नै उत्साहीत गरायो किनकि आफूमा भएको सीप तिखार्ने मौका उनको नजिक आईरहेको थियो । तयारीका साथ उनी अन्तवार्तामा सहभागी भए र छनौट हुन पनि सफल भए ।

फिन चर्च एड सँगको सहकार्यमा युसेप नेपालद्वारा संचालित स्टेप परियोजना अन्तर्गत प्रथम ब्याचको प्रशिक्षार्थीको रुपमा ईन्द्रले सानो ठिमी प्राविधिक शिक्षालयको छात्रावासमा ६ महिना सम्म अनुशासनमा बसी अत्यन्त मिहिनेतका साथ मोटरसाईकल सर्भिस मेकानिकको तालीम सम्पन्न गरे । तालीम पश्चात उनी केही समय काठमाडौंको एक नीजि वर्कशपमा काम गरी आफ्नै गाउँ जोशिपुर फर्किए र सामान्य वर्कशप संचालनमा ल्याए । उनको वर्कशपमा सामान्य सर्भिसिङ्गको सुबिधा उपलब्ध छ । "कमैया प्रथा उन्मुलन समाज" ले संचालन गरेको सहकारीमा सहुलियत ब्याज दरमा ऋण लिई संचालित वर्कशपको कमाई महिनाको रु १५,००० रहेको ईन्द्रको भनाई छ । भविश्यको यो जना बारे कुरा राख्दा उनी भन्छन् "भविश्यमा म आफ्नो वर्कशप विस्तार गरी ग्राहकलाई बढी भन्दा बढी सेवा दिन चाहन्छु । मलाई हालको अवस्था सम्म ल्याईदिन सहयोग गर्नुहुने संस्था युसेप नेपाललाई धन्यबाद दिन चाहन्छु र भविश्यमा अझ बढि सीप सिक्ने अवसरको आशा गर्दछु"।

**सानो ठिमी प्राविधिक शिक्षालयबाट २०६२ सालको नियमित तर्फ १ वर्षे अटोमोवाइल मेकानिक तालीम लिई हाल Teyseer Trading P. Ltd. महिन्द्रा सर्भिस सेन्टर संचालन गरी आफुलाई सफल व्यवसायीको रूपमा स्थापित गर्न सफल प्रशिक्षार्थी श्री सन्तोष बुढाथोकीसंग गरीएको कुराकानीमा आधारित अन्तरवार्ता :**

### तपाईले तालीमको बारेमा कसरी जानकारी पाउनुभयो ?

एक दिन मैले पत्रिकामा भर्ना सम्बन्धी विज्ञापन प्रकाशित भएको देखें र फोनबाट तालीम दिने स्थानको बारेमा जानकारी लिई बुझ्न सिधै सानोठिमी आई पुगें ।

### अटो मोवाईल मेकानिक विषय नै किन रोज्नु भयो ?

मेरो बुवा अटो मोवाईल क्षेत्रमै काम गर्नुहुन्छ । जसले गर्दा मलाई यस क्षेत्रप्रति छुट्टै लगाव थियो । विज्ञापन देख्ने बित्तिकै अटो मोवाईल विषय नै मेरो रोजाई थियो र सामान्य प्रक्रिया अनुसार नै भर्ना भए ।

### तालीम कस्तो रह्यो ?

समग्रमा भन्नु पर्दा तालीम अत्यन्तै राम्रो रहयो । यस विषयमा सानै देखि रुचि भएकोले पनि तालीमका हरेक विषय वस्तुहरुमा निकै गहन अध्ययन गर्थे । हरेक दिन शिक्षालयमा सैद्धान्तिक विषयको कक्षा पछि तोकिएको समय भन्दा बढी नै प्रयोगात्मक कक्षामा समय बिताउथें । प्रशिक्षकहरु अन्यत्तै सहयोगी भएकोले पनि मैल धेरैनै सिक्ने मौका मिल्यो । घर पुगेर सबै नोटहरु कम्प्युटरमा टाईप गर्ने र फोटोहरु समेत ईन्टरनेटबाट डाउनलोड गरी नोट बुक नै तयार गर्ने मेरो दैनिकी मै पर्थ्यो । मैले त्यति बेला गरेको मेहेनतले सबै सर मिसहरु मसंग खुसी हुन्थे । र जसले गर्दा मैले झनै हौसला पाउथें । तालीम अन्यन्तै राम्रो भएको थियो ।

### तालीम पश्चात् के गर्नुभयो ?

१ वर्षे कोर्षमा अध्ययन गर्नु पर्ने विषय वस्तुहरु पुरा भए पनि यस क्षेत्रमा सिक्नुपर्ने धेरै कुराहरु थियो । त्यति बेला अहिले जस्तो OJT पठाउने व्यवस्था थिएन । बरु सिधै जागिरका लागि सहयोग चाहि गर्थे । शिक्षालय मार्फत मेरै साथीहरु केही नेपाल आर्मि र प्रहरी सेवामा प्रवेश गरेको थियो । मेरो योजना छुट्टै भएकोले कुलेश्वर स्थित दाईको ग्यारेजमा काम गर्न थालें । झण्डै १ वर्ष काम सिक्नका लागि निः शुल्क काम गरें । त्यहाँको कर्मचारी भन्दा बढी खट्ने गर्थे ।

त्यस पश्चात् विदेश जाने सोच बनाएँ र कतारमा अटोमोवाइलकै क्षेत्रमा काम पनि पाए । त्यसबेला सम्म मैले धेरै काम जानी सकेको थिए । कतारमा झण्डै मासिक ५०,००० पचास हजार कमाउथें ।

### बैदेशिक रोजगार किन फर्किनु भयो र त्यस पश्चात् नेपालमा के गर्नुभयो ?

४ वर्ष विदेशको बसाई पछि नेपालमै केही गर्ने सोचले म नेपाल फर्के । कतारको कमाई सन्तोषजनक थियो । झण्डै वर्कसप खोल्न पुग्ने पैसा कमाएरै नेपाल फर्केको थिएँ । नेपालमै अटो मोवाईल वर्कसप खोल्ने सोच बनाएँ । विदेशमा काम गरेको अनुभव भए पनि नेपालको अटोमोवाईल क्षेत्रको बारेमा बुझ्न जरुरी थियो । त्यही भएर मैले एक कम्पनीमा जागरी खाने सोच बनाए । र नेपालकै प्रतिस्थित Agni Incorporated P. Ltd. मा स्पेयर पार्टस डिलर ईन्चार्जको पदमा काम गर्न थालें । जहाँ मैले नेपालको अटोमोवाइलको अबस्था बुझ्न निकै मद्दत मिल्यो । दुई वर्ष काम गरे पछि केहि विदेशबाटै फर्केका साथीहरुसंग मिलेर अत्याधुनिक मेसिनरी सहितको वर्कसप Teyseer Auto Service सितापाईलामा खोलें ।

### बैदेशिक रोजगारका लागि शिक्षालयले प्रदान गर्ने तालीम पर्याप्त छ ?

मैले यहाँबाटै सिकेको सीपले विदेशमा कामको अवसर पाएको थिएँ । हुन त त्यहाँ ग्रेड सिस्टममा काम पाउने रहेछ । केही आधुनिक मेशिनरी औजार हुँदो हो त निकै राम्रो हुन्थ्यो । विशेष गरी अटो मेटिक औजारहरु चलाउन सिकेर जान सके धेरै सजिलो हुन्छ ।

### हाल के गर्दै हुनु हुन्छ ?

Agni Incorporated P Ltd. का सिनियरहरु मेरो काम प्रति सन्तुष्ट थिए । म त्यस संस्थामा कार्यरत रहँदा ईमान्दार र लगनशीलताका साथ काम गरेकोले वहाँहरुलाई मेरो काम प्रति विश्वास दिलाउन सकेको थिएं । अहिले मैले जोरपाटीमा महिन्द्रा कम्पनीकै आधिकारिक सर्भिस सेन्टर विस्तार गरेको छु । साथै अटोमोवाइल जगत कै प्रतिस्थित BOSCH ब्राण्डका मेशिनरी सामाग्रीहरुको सोलो डिस्ट्रिब्युटरका रुपमा Teyseer Trading Pvt. Ltd. संचालनमा ल्याएको छु ।

### अन्तमा, तपाई जस्तै तालीम लिई व्यवसायी बन्न चाहने हरुलाई के भन्नुहुन्छ ?

कुनै पनि क्षेत्रमा काम गर्ने, कामको बारेमा पूर्णरुपमा जानकारी लिएर सफल व्यवसाय संचालन गर्ने कार्य सजिलो छैन । पैसा, ईच्छा, सीप, निरन्तरता, सकारात्मक सोच, धैर्य, जस्ता कुराहरु अत्यन्तै महत्वपूर्ण कुराहरु हुन् ।



## संघर्षको परिणाम

मेरो नाम सरस्वती चौधरी हो । मेरो घर पथरैया गा.वि.स. २, कैलालीमा भएको हो । एक भाई र ३ बहिनी सहित ६ जनाको परिवारमा म परिवारको जेठी छोरी हुँ । बुवा ज्यामी काम गर्नु हुन्थ्यो । आमा सानैमा हामीलाई छोडेर अन्तै जानुभएकोले भाई बहिनी हेरचाह गर्ने जिम्मा मेरै थियो । त्यतिबेला म ९ कक्षा पढदै थिए, गाउँमा संकटकालको अवस्था थियो । कमजोर आर्थिक अवस्था अनि पारिवारीक जिम्मेवारीका कारण स्कुल पढन् चाहेर पनि जान नसक्ने अवस्था थियो । त्यसताका स्थानीय एक गैर सरकारी संस्था गरीवी बसोवास केन्द्र मार्फत तालीमको अवसर आएको साथी भाईहरुबाट थाहा पाएँ । गाउँको हालत देखेर विरक्त लागि रहेको बेला जे भए पनि तालीम लिने र घरव्यवहारमा बुवालाई सघाउने सोच बनाए र सोही संस्था मार्फत २०६२ सालमा तालीमका लागि युसेप नेपाल आएँ । Young Women Gainful Employment Program (YWGEP) कार्यक्रम अन्तरगत, विभिन्न तालीमहरुका लागी अवसर थियो । धेरै साथीहरुको रोजाई सिलाई थियो । मलाई भने सिलाई तालीममा त्यति रुचि लागेको थिएन् । मेकानिकल तालीम रोजें । तर मेशिन चलाउन मेरो हाइट नै पुगेन् । मैले अर्को तालीम रोज्नु पर्ने भयो । मोटर साइकल मर्मत विषय रोजें । तालीम राम्रो भयो । अन द जब तालीम स्याकार कम्पनी जमलमा पठाइयो । त्यस पछि रोजगार ईकाई मार्फत ग्वार्को स्थित मोटर साइकल वर्कशपमा कामको अवसर पनि पाएँ । झण्डै ३ वर्ष सोही वर्कसपमा काम गरें । मैले धेरै काम गर्न जानी सकेकी थिएँ । भरखरै सोही वर्कसपमा काम गर्ने केटो संग प्रेम विवाह गरेकी थिए, शिक्षालयबाट तालीम लिई काम गरीरहे काहरु लाई वर्कशप खेल्न सहयोग गर्ने कार्यक्रम छ, आफै वर्कसप खोल्नु पर्छ भनी बोलाउनु भयो । मेरो लागि यो निकै राम्रो अवसर थियो । मैले ३ वर्षदेखि काम गरी रहेको वर्कशपको जागिर छोडेर २ जना अर्को साथीहरु संगै मिलेर वर्कसप चलाउनु पर्ने भयो । G2A मोटर साइकल वर्कसप, सूर्यविनयक, भक्तपुरमा खोलियो । सुरुमा धेरै गाह्रो भयो, त्यस माथि साथीहरु पटक्कै रुचि नराख्ने थिए । काम आएको बेलामा पनि साथीहरु काम प्रति त्यति ईच्छा देखाउदैन थिए । बेला बेलामा शिक्षालयबाट सर म्यामहरु हेर्न आउदा हामी सबैजना काम गरेको जस्तै गर्थ्यौं । यसै गरी झण्डै ३ महिना वित्यो । ३ महिनाको आम्दानी जम्मा रु. २२०० मात्र भयो । त्यो पनि साथीहरुले चलाई दिएका थिए । एकदिन मिसले सबै हिसाब किताब माग्नु भयो र अवस्था बुझें पछि नराम्रो संग गाली खाएँ । एक जना साथीलाई तुरुन्तै निकाल्दिनु भयो । वर्कसप नै बन्द गरी ललितपुरको ईमाडोल तिर सारियो । यो अन्तिम पटक मौका हो, फेरी पनि त्यस्तै भए वर्कसप बन्द गरीदिने र पुन: जागिरमा फर्किनु पर्ने कुरा सुनाउनु भयो । त्यो दिन मलाई असाध्यै नराम्रो लागेको थियो । केहि दिन निद्रा र भोक पनि हरायो । सबै सामान सारि सकेर वर्कसप खोल्ने दिन



त्यो ठाउँमा भने वर्कसप खोलेकै दिन काम आएको थियो । सर मिसहरुकै अगाडी मैले राम्रोसंग काम गरेर देखाए । वहाँहरु खुसी हुनु भयो । काम विस्तारै आउन थाले को थियो । मेरो अर्को साथी त्यहाँ आउन नै छोडयो । म एक्लो भए । एक्लैले मात्र वर्कसप चलाउन गाह्रो भै रहेको थियो । उता मेरो जागरी छोडेर वर्कसप चलाउने चक्करमा लागेर घर व्यवहार चलाउन धौ धौ परे को अवस्था थियो । भरखरै विवाह भएको श्रीमानलाई पनि जागिर छोडेर वर्कसप चलाउन अनुरोध गरें । पहिले त उहाँले मान्नु भएको थिएन पछि फेरी श्रीमानको जागिर छोडाए र संगै काम गर्न थाले । काम राम्रो हुदैं गयो । अहिले मासिक ५/१० हजार तलब दिएर ५ जना कामदार राखेकी छु । भाइलाई १२ कक्षा पठाउदै छुँ । मासिक झण्डै ५५/६० हजार आम्दानी हुन्छ । गाऊ घरमा उदाहरण बन्न सफल भएकी छु । त्यसैले मेरो सबै बेरोजगार साथीहरुलाई म यो सुझाब दिन चाहन्छु कि कुनै न कुनै सीप लिएर यसलाई निरन्तरता दिए स्वरोजगार वा रोजगारी सम्भव छ ।

## मेहनतले दिलाएको सफलता



रुकुम खरा ९ स्थायी बसोबास भएका दिपेन्द के. सी. अरु थुप्रै युवाहरु झैं विदेश गइ आफ्नो र आफ्नो परिवारको हरेक सानो ठूलो सपना साकार गर्ने उद्देश्यले एक वर्ष अगाडी काठमाडौं पसे । घरको सानो खेतिपाति वाहेक उनको वुवा ,आमा, श्रीमती र एउटा वच्चा सहितको परिवारको अरु कुनै भर पर्दो आम्दानीको श्रोत नहुदा दिपेद्रले परिवारमा धेरै पल्ट आर्थिक अभावको कष्ट भोगेका थिए । यी नै भोगाइ बाट उनमा विदेश जाने र धेरै पैसा कमाएर आफ्नो र परिवारको हरेक इच्छा आकांक्षा पुरा गर्ने सोच हावी भएको थियो । काठमाडौं आउनु अगाडी दाङ्गमा हुदा उनको एक साथीले व्यावसायिक शिक्षा तथा तालीम अभिवृद्धि (EVENT) परियोजता अर्न्तगतको तालीम लिएको र अत्यन्त उपयोगी भएको जानकारी पाए र अर्को पालि अवसर पाए आफूले पनि तालीम लिने सोचका साथ विदेश जाने प्रकृयाका लागि उनी काठमाडौं आए । नभन्दै काठमाडौंमा EVENT परियोजना अर्न्तगतको भौचरमा आधारित तालीममा आवेदन दिए र तालीमको अवसर पनि प्राप्त गरे भौचर मेलामा युसेप नेपालमा भौचर वुझाएर मोवाइल रिपेरिङ्ग तालीम शुरु गरेका उनले अत्यन्त लगनशीलताका साथ तीन महिने तालीम पुरा गरे । तालीममा प्राविधिक शिक्षाको साथसाथै जीवनोपयोगी सीप पनि सिकेका उनले तालीम अवधि मै मोवाइल रिपेरिङ्ग क्षेत्र मै व्यवसायको संभाव्यता अध्ययन गर्दै गए । तालीम सकिने वेला सम्म उनले आफ्नै मोवाइल रिपेरिङ्गको सप खोल्ने आाट जुटाइसकेका थिए र तालीम सकिने वित्तिकै करिव रु ५०००० लगानी गरी काडाघारी काठमाडौंमा मोवाइल मर्मत पसल खोले । भूकम्प अगाडी सम्म दिनको करिव १००० नाफा हुने उनको पसलमा अहिले दिनमा रु ७०० सम्मको कमाइ हुन्छ । व्यापार राम्रै भएपनि विदेश जाने मोहलाई भने त्याग्न सकेका छैनन् दिपेन्द्रले । त्यसैले त भविश्यमा के गर्ने विचार छ भनि सोध्दा उनी हास्दै भन्छन् कोरियन भाषाको परिक्षा पास भए विदेश जाने, होइन भने मोवाइल मर्मत मै लगानी थप्दै व्यवसाय विस्तार गर्दै लैजाने विचार छ ।" विदेश जाने सपना वुनेका भए पनि आफ्नो व्यसायबाट भने सन्तुष्ट छन् दिपेन्द्र । यदि विदेश जाने कुरा मिलिहाल्यो भने पनि आफ्ना साथी भाइलाई पसल जिम्मा लगाएर जाने उनको सोच छ ।

“२०६२ सालमा रोजगारको लागि तालीम कार्यक्रम (Training for Employment (TfE) अन्तर्गत संचालित १५ महिने अटो मोवाईल मेकानिकल तालीममा सहभागि हुने मौका पाएँ । तालीममा सिकेको प्रयोगात्मक र सैद्धान्तिक विषयवस्तुहरु, अन द जब तालीमका अनुभवहरु र मनोसामाजिक परामर्शको कक्षाहरुमा सिकेका कुराहरुले ममा एउटा आत्म विश्वास बढेको थियो । अन द जब तालीम गरेकै वर्कशपका साहुसंग पार्टनरसिपमा वर्कशप चलाउने आँट गरें । दिन रात खटें । यसरी काम गर्ने क्रममा सिकेका कुराहरु मात्र प्रयाप्त नभई आफु केही व्यवहारिक कुराहरुको कमी रहेको महशुस गर्न थालें र केहि समय साथीहरुलाई वर्कशप छाडेर धुम्बाराहीको वर्कशपमा व्यवसाय गर्ने तरिकाहरु जान्नकै लागि मात्र झण्डै १ वर्ष विना तलब काम गरें । अहिले तीन जना साथीहरु संग मिली कोटेश्वरमा वर्कसप चलाउदै छु । व्यवसाय राम्रै चलिरहेको छ बार्षिक करिब २५ देखि ३० लाख सम्मको कारोवार हुन्छ ।”

**- तारामणि काफ्ले, “कृष्ण”**
**संचालक, क्रितन अटो मोवाइल्स, कोटेश्वर**





“घरेलु कामदारका रुपमा काठमाडौं आउदाँ खासै ठूलो लक्ष्य थिएन । पढ्ने अवसर नपाएको पनि होइन तर पढाइमा रुचि नै भएन, मुश्किलले स्कूल त जान्थें तर पढ्न लेख्न मलाई गाह्रो लाग्थ्यो कक्षा ८ पछि पढ्न सकिन । पढाइ छाडे पछि सरले नै प्राविधिक तालीममा भर्ना गरिदिनु भयो । वि सं २०५६ सालमा मैले १ वर्ष जनरल मेकानिक तालीम शुरु गरे । तालीम पश्चात युसेप नेपालकै सहयोगमा होरिजन टेक्निकल सेन्टरमा २ महिना सम्म काम गरें । त्यसपछि विभिन्न कम्पनीमा काम गर्दै वि सं २०६३ देखि आफ्नै वर्कसप खोले । अहिले महिनामा करिब रु ५०,००० आम्दानी हुन्छ र सो कमाइले दुइ बालबच्चा सहितको पुरा परिवारलाई राम्रै संग राख्न सकेको छु ।”

**- महेन्द्र दास थारु**
**संचालक, धोनी फिक्स वर्कसप, गोकर्ण**

“युसेप नेपालको *i*LEAD परियोजना अन्तर्गत दोस्रो व्याचको मोटरसाइकल मर्मत तालीममा भर्नाहुँदा यही पेशालाई निरन्तरता दिन्छु जस्तो लागेको थिएन । तर विस्तारै यो पेशामा मैले अवसरहरु पाए, त्यसैलाई सदुपयोग गर्दै आज आफ्नै व्यवसाय आफ्नै गाँउ ठाउँमा चलाउन सकेको छु । यस्तो अवसर दोस्रो पल्ट पनि मलाई युसेपले नै जुराइदियो, रोजगार कोषको “लघुउद्यम तथा रोजगार सिर्जना” कार्यक्रम अन्तर्गत Advanced Level को तालीमको अवसर दिएर । यो तालीम



मेरो लागि अत्यन्तै महत्वपूर्ण सावित भयो प्राविधिक शिक्षाका साथ साथै व्यवसाय संचालनका तरिका व्यवस्थापन विधि आदि पनि सिकियो, कति सम्म पुँजी लगानी गर्ने, व्यवसाय दर्ता कसरी गर्ने आदि व्यवहारिक ज्ञानहरु सिक्दै गर्दा आफैं व्यवसाय गर्ने आँट आयो त्यसमाथि ८००० वरावरको Tool Kit पनि पाउने भएपछि मैले वनेपामा सुजन मोटरसाइकल वर्कसप खोले । व्यवसाय राम्रै चलिरहेको छ भुइचालोले दुई महिना जति काम डिस्टर्व भए पनि अहिले राम्रै छ । दुई जना भाइहरुलाई काम दिएको छु ।”

**- सुजन सुवाल**
**संचालक, सुजन मोटर साइकल वर्कसप बनेपा**



“श्रीमान् कामका लागि बिदेश जानु भए पछि फुर्सदको समय सदुपयोग गरु भनि युसेप नेपालमा *i*LEAD अन्तर्गतको चार महिने निःशुल्क तालीममा दोस्रो पटकको प्रयास पछि भर्ना भएँ । घरमा सानी छोरी भएकाले बडो मुश्किलले जसो तसो चार महिने तालीम सकाए । तालीम राम्रै भयो तर तालीम पश्चात काम गर्न जानु पर्दा चाहिं मलाइ समय मिलाउन गाह्रो पर्‍यो । रोजगार एकाइबाट दुई ठाँउमा जागिर मिलाइ दिंदा पनि समय दिन नसके पछि मैले बरु आफैं केही गर्ने विचार गरी कटिङ्ग भइसकेको बच्चाको बाबा सेटहरु प्रति पिस रु १० मा कोठा मै ल्याएर काम गर्न थाले विस्तारै काम राम्रो हुदै गयो र छरछिमेक बाट पनि कामको अर्डर आउन थाल्यो । अहिले आफ्नै सानो पसल खोलेकी छु । काम सन्तोषजनक नै छ ।”

**- ललिता कार्की**
**(संचालक ललिता लेडिज टेर्लस)**



"एस एल सी पछि पढ्नका लागि काठमाडौं आएको थिएँ । यहाँको महंगीमा काम गर्दै पढ्नु पर्ने बाध्यता थियो । पढाइ संगै प्राविधिक तालीम पनि लिने सोच बनाएँ । विभिन्न तालीम मध्ये १ वर्ष प्रिन्टिङ्ग प्रेसको तालीम अरु भन्दा राम्रो लाग्यो । तालीम शुरु गरेको दुइ महिनामा नै बाहिरको काम अलि अलि तालीम केन्द्रमा ल्याउने गर्न थालें त्यतिखेर सम्म स्कीन प्रिन्ट राम्रै गर्न सक्ने भइसकेको थिएँ । तालीम पछि दाई संग मिली थोरै लगानीमा आफू वस्ने कोठामै शुरु गरेका व्यवसायले राम्रो गर्न थालेपछि जुगल प्रिन्टर्स एण्ड ट्रेडर्स नामले व्यवसाय दर्ता गरी चलायौं । ४-५ वर्ष काम गरेपछि अहिले ठूलो हाईडलबर्ग मसिन सहित अन्य मिसिनहरु राखेर दिव्य ज्योति प्रेस चलाइरहेको छु ।"

**- मुरारी ढकाल**
**संचालक दिव्य ज्योती प्रेस, अनामनगर**

"सानै देखि पढाइ भन्दा बाहिरी कुरामा बढी रुचि राख्थें । एस.एल.सी. पछि यामाहा मोटरसाइकल पार्टसमा सेल्सको काम शुरु गरें । तीन वर्ष सम्म मोटरसाइकल पार्टस् बिक्री गरेपछि मोटरसाइकलमा मेकानिकको काममा इच्छा लाग्यो र साथीकै वर्कसपमा वसेर काम सिक्न शुरु गरें । यसै विच युसेप नेपालमा रोजगार कोषको सहयोगमा रोजगारीका लागि उद्यमशीलता कार्यक्रम अर्न्तगत सीप परीक्षण दोस्रो तहकालागि तालीम शुरु हुन लागेको कुरा साथीबाट थाह पाएँ । तीन महिनाको तालीम, Financial Literacy Class र Business Clinic हरु अत्यन्त उपयोगी भयो । यी कक्षाहरुमा व्यवसाय कसरी चलाउने हिसाव कसरी राख्ने पुंजी कति लगानी गर्ने आदि कुराहरुको जानकारी प्राप्त गरें । तालीम पछि भक्तपुर राम मन्दिर नजिकै मोटरसाइकल वर्कसप करिव रु. ७०,००० लगानी गरी शुरु गरें । शुरुवाती दिनमा अलि अलि गाह्रो भए पनि अहिले पसलको भाडा र एक कामदारको तलव कटाइ प्रति महिना करिव रु १५ देखि २० हजार कमाउछु । सीप परीक्षण दोस्रो तह पनि उत्तीर्ण गरीसकें भविश्यमा वर्कसपमा अझै अरु सेवा सुविधाहरु थप गर्दै सुविधा सम्पन्न वर्कसप बनाउने सोंच छ ।"

**- जीवन सुवाल**
**संचालक बाइक सर्भिस सेन्टर, भक्तपुर**






"केही गरौं भन्ने विचारले युसेप नेपालमा *i*LEAD परियोजना अर्न्तगत मोवाइल मर्मत चार महिने नि: शुल्क तालीम सिकें। तालीम लगत्तै आफ्नै मोवाइल मर्मत पसल संचालन गर्ने आँट गरें । अलि अलि पुँजी लगानी गरी मोबाइल मर्मत तथा बिक्री बाट शुरु गरेको मेरो कम्पनि अल्टिमेट सोलुसनमा अहिले मोबाइल software तथा Hardware मर्मत, Laptop मर्मत तथा बिक्री देखि Inverter बिक्री सम्मको सबै सेवा सुविधाहरु रहेको छ । शुरु गर्दा अत्यन्त गाह्रो भए पनि हरेस नखाइ लागि परेमा सफलता हात पार्न सकिने रहेछ । भविष्यमा यसलाई मर्मत तथा तालीम केन्द्रको रुपमा विस्तार गर्दै लैजाने विचार छ हेरौं कत्तिको सफल भइएला ।"

**- इन्द्र राज खड्का**
**संचालक, अल्टिमेट सोलुसन, गोठाटार**

"सानैदेखि टुटेफुटेको सामान बनाउने बिजुलीका तारहरुमा लाइन पास नहुँदा खोलेर हेर्ने बानी थियो । केहि नौलो प्रविधि वा सामान देख्यो कि सबै खोलखाल पारेर फेरी उस्तै बनाइदिने गर्थे कतिचोटी बन्थ्यो भने कति चोटी सधैंका लागि बिग्रिन्थ्यो । आफ्नो यही इच्छाका कारण युसेप नेपालमा हाउस वायरिङ्गको तालीम लिएको थिएँ । तालीम लिएपछि जागीर भन्दा पनि आफ्नै लगानीमा व्यवसाय गरुँ भनेर मूलपानीमा सानो पसल खोलें । विद्युत जडान सम्वन्धि सम्पूर्ण सरसामान राखेर थोरै लगानीमै मर्मत सेवा समेत दिने गरि खोलेको मेरो व्यवसायलाई अझै विस्तार गर्नका लागि UPS, Inverter तथा मोटर रिवाइन्डिङ्गको काम समेत शुरु गरेको छु । आम्दानी ठिकै छ आफ्नै गाँउ ठाँउमा बसेर काम गर्न पाएकोले खुशी नै छु ।"

**- महेश्वर गजुरेल**
**संचालक एम एण्ड एम इलेक्ट्रिकल्स, मूलपानी**



# महिलाको आर्थिक सशक्तिकरण : उद्यमशीलता विकास

विद्यमान समाजको लैङ्गिक स्तरीकरणले गर्दा नै महिला र पुरुषहरुबीच विभेद एवं असमानता व्याप्त रहेको पाइन्छ। जसले गर्दा अधिकांश महिलाको तुलनामा पुरुषहरु शारीरिक, आर्थिक, सामाजिक, राजनैतिक पक्षमा सबल बनाइएको छ। लैङ्गिक विभेदको सूत्रपात भने हाम्रो घरभित्रैबाट भएको पाइन्छ। छोरा र छोरीबीचको हाम्रो समाजको जुन ढोंगी परम्परा छ, त्यही कु-परम्परालाई टेकेर हाम्रै घरभित्रबाटै पालनदेखि नै विभेदीकृत वातावरण सृजित गराइन्छ। महिलालाई कमजोर बनाउन वाल्यकालको क्रियाकलापहरुले समेत महत्वपूर्ण प्रभाव पार्दछ। बालापनमा खेल्नका लागि छोरीहरुलाई पुतली, भाँडाकुँडा जस्ता श्रृंगारका सामानहरु दिन्छन् भने छोराहरुलाई ठूलो भएपछि बाहिर कमाउन जाने जात हो भनेर दह्रो, बलियो हुने खेलौना जस्तै गुलेली, बन्दुक जस्ता दिइन्छ। भाइलाई खुवाएर खाना खाउ है छोरी भनेर पुरुषको खाना खाने देखि अन्य प्रायः सबै काम घरकी छोरीलाई दिने गरीन्छ।

विद्यालयमा जाने बेलामा छोरीलाई चिठी पढ्न सक्ने जति पढे भइहाल्छ नि भन्ने सोचाई पाइन्छ भने छोराहरुलाई राम्रो विद्यालयमा पठाइन्छ। प्रवेशिका पश्चात छोराहरुलाई उच्च शिक्षा पढ्नका लागि बाहिर पठाउने गरीन्छ भने छोरीहरुलाई विवाहका लागि केटा खोज्न लागिन्छ। गाउँघरका सामान्य उदाहरण मात्र भए यी त। नीति निर्माण तहमा पुगेका महिलाहरुको भूमिका पनि सहभागितामा मात्र सीमित रहेको दृष्टान्त अध्ययन गर्दा पुरुषहरु माथिल्लो तहमा रहेर महिलामाझ हैकम चलाउँछन्। महिलाको तुलनामा पुरुषको अलग्गै सामाजिक मर्यादा यस रुढिवादी समाजले दिएको पाइन्छ। यसर्थ सामान्य गाउँघरदेखि शहर बजारमात्र नभई हरेक तह एवं तप्कामा रहेका महिलाहरुमाथि यस समाजको विभेदीकृत व्यवहार देख्न सकिन्छ। हाम्रो समाजमा महिलाहरुलाई आर्थिक आयआर्जनको क्षेत्रमा भन्दा पनि घरधन्दाको अनुत्पादक क्षेत्रको काममा बढी प्रयोग गराइएको पाइन्छ। अर्को शब्दमा भन्नुपर्दा घरधन्दाको काम महिलाहरुको ठेक्का नै हो। नेपालमा भएका महिला कानुनको मात्र नभई राष्ट्रसंघीय अन्तर्राष्ट्रिय महासन्धिको समेत पक्षराष्ट्र भइसकेको अवस्थामा यहाँ कानुन नभएको पनि होइन। जतिसुकै आदर्शका कुरा गरे तापनि तबसम्म हामी आफूबाटै यस व्यवहारको अन्त गर्दैनौं तब सम्म यस समस्याले बढोत्तरी पाइनै रहन्छ। हामी कहाँ नियमको नभएर केवल नियमको कमी छ।

अर्थतन्त्र र लैङ्गिक सम्बन्धमा कुरा गर्दा मूलतः निम्न लिखित पक्षहरुलाई हृदयंगम गरी विश्लेषण गर्दा महिला पछि पर्ने मुख्य कारण यी हुन् :

१) महिलाको स्रोत, साधन, भूमिमाथि नियन्त्रण नहुनु

२) रोजगार तथा आम्दानीको स्तर समान नहुनु

३) कामको प्रकृति, पेशा र श्रमविभाजन वैज्ञानिक तवरमा नहुनु

४) लगानी र प्रतिकूलमा असमानता

५) अवसर तथा समुचित सीपको असमानता

६) महिलाको क्षमतालाई नजर अन्दाज गरीनु

७) पुरुषवादी पितृसत्तात्मक मनस्थिति आदि।



यसर्थ नेपालमा अथवा दक्षिण एशियामा मात्र नभई विश्वभरि नै अर्थ व्यवस्थाको विश्लेषण गर्दा त्यसमा लैङ्गिक विभेदीकरण प्रष्ट देख्न सकिन्छ। महिलामाथि हुने विभेद, दमन, हिंसा, अत्याचार एवं शोषणको कारण पुरुषको भागमा राम्रा पेशाहरु, आम्दानीमूलक, सीपमूलक, उच्च प्रतिफल, सामाजिक रुपमा प्रतिष्ठायुक्त एवं प्राविधिक पेशाहरु पर्दछन् भने महिलाहरुको भागमा त्यसको ठिक विपरित पेशा विनियोजन गरीएको पाइन्छ।

उल्लेखित दृष्टान्तहरुलाई मनन गर्दा महिलाहरुको आर्थिक सशक्तिकरणका लागि उद्यमशीलता विकास अतिउत्तम विकल्पको रुपमा स्रोत साधन परिचालन गरी त्यसलाई परिमार्जन सहित सृजनात्मक ढंगले सेवासहित व्यवसाय गरी आयआर्जन गर्नु हो। उद्यमशीलता आफै एक रोजगार पनि हो। जुन आफैद्वारा सिर्जित गराइन्छ। उद्यमशीलता यही नै गर्नुपर्छ भन्ने छैन, यो स्थान अनुसार तय गरीन्छ र त्यसको संचालन गर्न सकिन्छ। उदाहरणका लागि बाँस, वेत इत्यादि पाउने ठाउँमा विभिन्न प्रकारका सामाग्री बनाई वेचविखन गर्न सकिन्छ, घाँसपात प्रशस्त पाइने स्थानमा पशुपंक्षी पालन गर्न सकिन्छ, त्यसबाट दुध, तथा दुग्धजन्य परिकार बनाई आयआर्जन गर्न सकिन्छ। यसको मतलब उद्यम गर्नका लागि कच्चा पदार्थ तथा स्रोत साधनहरुको समुचित उपलब्धता हुनुपर्दछ।

उद्यम स्थापना गर्नका लागि धेरै कुराहरुमा ध्यान दिनुपर्ने हुन्छ। सर्वप्रथम यसको पूर्व अनुमान तथा मूल्यांकन हुनुपर्छ। ताकि यसबाट उत्पादित सामाग्रीको प्याकेजिङ्ग, मार्केटिङ्ग, कस्टिङ्ग तथा व्यवस्थापन गर्न समस्या नआओस्। उद्यम स्थापना गर्नु अघि आफूलाई त्यस सवालमा प्रष्ट हुनु जरुरी हुन्छ। यदि आफूमा सो काम प्रतिको दक्षता छैन भने त्यसको विकास गरी बजार विश्लेषण गरेर सोही विश्लेषणात्मक नतिजालाई आधार बनाई अगाडि बढ्न सक्छौं। यहाँ स्मरण गर्नुपर्ने कुरा के छ भने एक व्यक्ति व्यापारी त बन्न सक्ला तर सफल उद्यमी बन्न गाह्रो हुन्छ, किनकि व्यापारीले निश्चित उद्देश्य पूर्तिका लागि नाफाको मात्र उद्देश्य राखेर व्यवसाय संचालन गरेको हुन्छ भने उद्यमीको वृहत् उद्देश्य हुन्छ।

उद्यमशीलताको व्यापकतालाई अध्ययन गर्दा निम्न विशेषता पाउन सकिन्छ :

१) थोरै वा एक जनाबाट पनि संचालन गर्न सकिने।

२) स्वतन्त्र

३) सीमित स्रोत साधनबाट संचालन गर्न सकिने

४) लचकता अपनाउन सकिने

५) व्यवस्थापन गर्न सजिलो

६) ठूला व्यवसायको पूरक

७) छरितो एवं सेवामुखी

८) सीमित बजार अंश

९) ग्राहक सन्तुष्टि

१०) स्थानीय स्रोत परिचालन

११) वित्तिय उपलब्धतामा बृद्धि

यी त भए उद्यमशीलताका विशेषता । यी विशेषता भएका व्यवसाय संचालन गर्दा वा व्यवस्थापन गर्न सके निम्नलिखित फाइदा गर्न सकिन्छ ।

१) रोजगार सृजना २) स्वावलम्बन ३) सुरुवात सजिलो ४) न्यून जोखिम ५) स्थानीय उत्पादन ६) संचालन लागत कम ७) स्वनियन्त्रित ८) स्तरीयता ९) स्पष्ट बजार १०) पुरुषप्रतिको परनिर्भरतामा कमी ११) जागिरे मनस्थितिको निरुत्साह, इत्यादि ।

अतः उद्यमशीलता विकासबाट महिलाको आर्थिक सम्वृद्धि गर्न सकिन्छ । तर सो उपलब्धि हासिल गर्न हामीसंग कस्तो गुण वा दक्षता हुनुपर्छ त भन्ने कुरालाई यसरी विश्लेषण गर्न सकिन्छ ।

१) मेहनती २) धैर्यवान् ३) आत्मविश्वासी ४) जोखिम मोल्न तत्पर ५) जिम्मेवारीको इच्छा ६) सिक्न तत्पर ७) विश्लेषणात्मक छवि ८) लचकता ९) खोजपरक १०) विशेषज्ञता ११) व्यवस्थापकीय खुवी, इत्यादि ।

यसर्थ हाम्रो समाजमा विद्यमान लैङ्गिक विभेद भित्रको एक प्रमुख स्तरीकरण भनेको आर्थिक सवालमा बढी पाइने भएकोले यस विषम परिस्थितिलाई मध्यनजर गरी मोफसलमा रहेर पनि महिलाको आर्थिक हक अधिकारको क्षेत्रमा कोपिला नेपाल कास्कीले पुऱ्याएको योगदान सह्रानीय छ तर यस समाजको ढोंगी विषम व्यवहार लाई अन्त गर्न हामी आफैबाट शुरु गर्नु नितान्त आवश्यक छ । सोका लागि यिनै आवश्यकता पूर्ति गर्न स्थापना भएका विभिन्न निकायहरुबीच हातेमालो गरी अगाडि बढ्न सके मात्र उक्त विभेदीकृत व्यवहारको निराकरण हुने थियो र महिलाले अन्य सरह यस समाजमा स्थान पाउने थिए । जुन आर्थिक विकासको सवाल छ सो सम्बन्धमा महिलाहरुका लागि उद्यमशीलता विकास उत्तम विकल्प ठहरिन सक्छ ।

**- तिलक घिमिरे**

**(लेखक कोपिला नेपाल कास्कीमा दुर्व्यवहारमा परेका महिलाहरुको पुनर्स्थापना तथा आयआर्जन परियोजनायका टिम लिडर हुन्)**

## फाल्गुण १ गते देखि श्रावण मसान्त सम्म तालीम लिएका प्रशिक्षार्थी संख्या

| क्रं. सं. | कार्यक्रम/तालीम | संख्या | विवरण |
|---|---|---|---|
| १. | नियमित सत्रको तालीम | ३७ जना | तालीममा ईच्छुक व्यक्तिहरु |
| २. | *i*LEAD १४औं व्याच | १२२ जना | बेरोजगार युवाहरु |
| ३. | ILO अन्तर्गत | ४० जना | सफा टेम्पो चालक महिलाहरु |
| ४. | Solve Nepal | ११ जना | संस्थाबाट छनौट गरेका व्यक्तिहरु |
| ५. | CWISH अन्तर्गत | २० जना | सिन्धुपाल्चोक, रामेछाप र काभ्रेका घरेलु कामदारहरु |
| ६. | बाल सुधार गृह | ५० जना | बाल सुधार गृहमा रहेका बालबालिकाहरु |
| ७. | व्यवसायिक शिक्षा तथा अभिवृद्धि (EVENT) | २२ जना | बेरोजगार युवाहरु |
| ८. | ट्रेनिङ्ग सेन्टर नेपाल | १० जना | संस्थाबाट छनौट गरेका व्यक्तिहरु |
| ९. | भुटानी तालीम | १ जना | भुटानी प्रशिक्षार्थी |
| १०. | हेभि ईक्विपमेण्ट अपरेटर | ३७९ जना | तालीममा ईच्छुक व्यक्तिहरु |
| ११. | स्कुटी ड्राइभिङ्ग | ३४ जना | तालीममा ईच्छुक व्यक्तिहरु |
| १२. | हेवी इक्युप्मेण्ट मर्मत | १२ जना | तालीममा ईच्छुक व्यक्तिहरु |
| | **जम्मा** | **७३८** | |

# शिक्षालय गतिविधि

## समुदाय परिचालन (Community Mobilization Drive)

शिक्षालयले आफ्ना प्रशिक्षकहरुको सहयोगमा विभिन्न समय र स्थानहरुमा शिक्षालयमा संचालन हुने सबै तालीमका लागि समुदाय परिचालन कार्यक्रम संचालन गर्दै आएको छ । यसबाट शिक्षालयको लक्षित वर्गका रुपमा रहेका वेरोजगार युवा युवतीहरु लाभान्वित भएका छन् । यही क्रममा विभिन्न संघ संस्था र स्थानीय निकायहरुको सहयोगमा २०७१ फाल्गुणदेखि २०७२ श्रावण महिनासम्म सिनामंगल, पेप्सीकोला, टिगनी, बनेपा, नाला, डोर्लिङ, सरस्वतीखेल, सूर्यविनायक लगायतका जम्मा ८ स्थानमा १६९ जना सम्भावित प्रशिक्षार्थीहरुका लागि CMD सम्पन्न भयो ।

## जीवनोपयोगी सीप र परामर्श

प्रशिक्षार्थीहरुलाई प्राविधिक तालीमले मात्र पुग्दैन, वस्तुगत तथा विषयगत ज्ञानका साथै व्यवहारिक ज्ञान पनि अपरिहार्य छ । कार्यस्थानमा अनुशासनको पालन, समय व्यवस्थापन, काममा आत्मविश्वास, सकारात्मक सोच, ग्राहकहरुसँगको समन्वय तथा व्यक्तित्व विकास गर्नका लागि जीवनोपयोगी सीप (soft skills) को आवश्यकता पर्ने कुरालाई ध्यानमा राखी शिक्षालयले विभिन्न विषयमा आवश्यकताअनुसार जीवनोपयोगी कक्षाहरु सम्वन्धित विज्ञहरु तथा प्रशिक्षकको सहयोगमा संचालन गर्दै आएको छ । करिब ६ महिनाको अवधिमा ३५ वटा जीवनोपयोगी कक्षाहरु संचालन गरीयो ।

## अवलोकन भ्रमण

प्रशिक्षार्थीहरुको आत्मवल वृद्धिका लागि शिक्षालयले अपनाएको विभिन्न नीतिमध्ये अवलोकन भ्रमण पनि एक हो । शिक्षालयले समय समयमा सम्पन्न हुने तालीम सम्बन्धी विभिन्न नयाँ प्रविधिहरुको अवलोकन साथै विभिन्न प्राविधिक शिक्षालय तथा कलकार खानमा प्रशिक्षार्थीहरुलाई भ्रमण एवं सहभागी गराई नयाँ प्रविधि सम्वन्धि ज्ञान लिने अवसर प्रदान गर्दछ । यस क्रमलाई निरन्तरता दिदैं छ महिनाको अवधिमा ४ पटक शिक्षालयले विभिन्न ट्रेडका प्रशिक्षार्थीहरुलाई सम्वन्धित Expo तथा कलकारखानमा शैक्षिक भ्रमणमा सहभागी गरायो ।



## रोजगारदाता भेला

मिति २०७१ साल फाल्गुण १४ गते युसेप नेपालका दिक्षित प्रशिक्षार्थीहरुलाई रोजगारी दिने विभिन्न रोजगारदाताहरु संगको सम्वन्ध सुमधुर वनाउन तथा नयाँ अवसरहरु के कस्तो हुन सक्छ रोजगार बजारको माग के रहेको छ आदि कुराहरुमा छलफल गर्ने उद्देश्यले रोजगारदाताहरु संग छलफल कार्यक्रम भएको थियो । बैठकमा शिक्षालयका कर्मचारी, प्रशिक्षकहरु, प्रशिक्षार्थीहरु लगायत रोजगारदाताहरुको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागिहरुको उत्साहपूर्ण सहभागिताले छलफल निकै प्रभावकारी भएको थियो । यस किसिमको छलफलले आपसी सम्वन्धमा समन्वय ल्याउने, तालीमका भएका र हुन सक्ने साना ठूला त्रुटिहरु पनि पत्ता लाग्ने र त्यसलाइ सुधार्दै लैजानको लागि मद्दत मिल्ने भएकाले शिक्षालयले यस किसिमको बैठकलाइ निरन्तरता दिइरहेको छ ।




## अतिरिक्त क्रियाकलाप

प्रशिक्षार्थीहरुको आत्मविश्वास वढाउने एवं विभिन्न क्रियाकलापमा संलग्न गराउने अभिप्रायले शिक्षालयले Extracurricular activity of the month को आयोजना गर्ने गर्दछ । यस क्रममा शिक्षालयले हाजिरी जवाफ, वादविवाद, खेलकुद, निवन्ध, कविता लेखन जस्ता प्रतियोगिता एवं सरसफाई कार्यक्रमहरु गर्दै आएको छ । यस्ता कार्यक्रममा प्रशिक्षार्थीहरु निकै उत्साहित रुपले भाग लिने गर्दछन् । यस्ता कार्यक्रमहरुले प्रशिक्षार्थीको व्यक्तित्व विकासमा सघाउ पुऱ्याउने विश्वास शिक्षालयले लिएको छ । करिव ६ महिनाको अवधिमा अतिरिक्त क्रियाकलापका रुपमा हाजिरी जवाफ, टेवल टेनिस, निवन्ध प्रतियोगिता आदि कार्यक्रमहरु गरीयो ।

## TOT तालीम :

प्रशिक्षकहरुको प्रशिक्षण क्षमतामा समयानुकूल सीप र क्षमतालाई अभिवृद्धि गरीरहनुपर्छ जसले प्रशिक्षकको क्षमतामा वृद्धि भई गुणस्तरीय तालीम प्रदान गर्न सकिने तथ्यलाई मध्येनजर गर्दै TITI द्वारा नियमीत रुपमा प्रशिक्षकहरुका लागि संचालन गरीने त्यस्ता तालीममा यस शिक्षालयको प्लम्बीङ ट्रेडका ट्रेड ईन्चार्ज शैलेश खत्री र टेलरिङ ट्रेडबाट प्रशिक्षक सुबिना श्रेष्ठलाई सहभागी गराइयो ।

## क्यान्टिन व्यवस्थापन :

क्यान्टिन परिसरको पछिल्लो भाग व्यवस्थित गर्न करिव १,५०० वर्ग फिट क्षेत्रलाई ढलान गरीयो तथा सोही स्थानमा त्रिपालद्वारा निर्मित अस्थायी खाना खाने स्थानको निर्माण कार्य सम्पन्न भयो । साथै सानो ठिमी शिक्षालयको मुख्य भवन पछाडिवाट उक्त स्थानमा जाने करिव १५० मिटर बाटो ढलान गरीयो ।

## Water Purification System जडान:

सानो ठिमी प्राविधिक शिक्षालयमा विगतको समयमा शुद्ध पिउने पानीको समस्या देखिएकोले शिक्षालयको पिउने पानीलाई शुद्धिकरण गर्नका लागि रुपान्तरण नेपाल, Water Step Nepal / iteen को सहयोगमा मिती २०७२ जेष्ठ १४ गते water purification system




जडान गरीयो। यस उपकरणको जडानबाट शिक्षालयमा विद्यमान पिउने पानीको समस्यामा न्यूनीकरण आउनका साथै असुरक्षित पिउने पानीको प्रयोगबाट फैलिन सक्ने रोगहरुको निवारण गर्न पनि मद्दत पुग्नेछ।

### ट्रेड अपग्रेड :

Finn Church Aid (FCA) को आर्थिक सहयोगमा सानो ठिमी प्राविधिक शिक्षालयको अटोमोबाइल ट्रेडमा समय सापेक्षिक व्यवाहारिक कक्षाका लागि विभिन्न तालीम जस्तै अटो इलेक्ट्रिक, इन्जिन, ब्रेक सिस्टम आदिका लागि ८ वटा सेक्सन निर्माण कार्य सम्पन्न भएको छ। यसका साथै अहिलेको आधुनिक गाडीहरुमा प्रयोग हुदैं आएको Electric Fuel Injection (EFI) सिस्टम पनि शिक्षालयमा जडान गरीएको छ। साथै मेकानिकल ट्रेड अन्तर्गतको वेल्डिङ तालीम अझ सुदृढ बनाउनका लागि TIG/MIG, Arc Welding मेशिन लगायतका अन्य तालीममा आवश्यक पर्ने उपकरणहरु पनि FCA कै सहयोगमा खरिद गरीयो। यसका साथै इलेक्ट्रोनिक्स ट्रेडमा १ थान ल्यापटप, १ थान मोबाइल र २ थान LED TV, प्लम्बीङ ट्रेडमा Bench Vice, Gum Boot, Digital Vernal Caliper लगायतका उपकरणहरु र टेलरिङ ट्रेडमा ३ थान इलेक्ट्रि सिलाई मेसिन र ७ थान सिलाइ मेसिन खरिद गरी ट्रेड अपग्रेड गर्ने कार्य सम्पन्न भयो।

### राहत तथा पुनर्निर्माण :

२०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्पबाट प्रभावित जिल्ला तथा व्यक्तिहरुलाई सहयोगार्थ युसेप नेपालले FCA को आर्थिक सहयोगमा राहत तथा पुनर्निर्माण सम्बन्धी कामहरु अघि बढायो। यसै सन्दर्भमा ललितपुर, भक्तपुर र काभ्रे जिल्लामा गरी युसेप नेपालले भूकम्पबाट प्रभावित २२०० परिवारलाई राहत सामाग्री उपलब्ध गराउनका साथै भूकम्पले क्षति पुर्‍याएका भक्तपुर र ललितपुरका सामुदायिक विद्यालयहरुमा पठनपाठनका लागि ४९ वटा Temporary Learning Centre (TLC) को पनि व्यवस्था गर्‍यो। यसका साथै भूकम्पकबाट प्रभावित बालबालिकाहरुको लागि भक्तपुर र ललितपुरमा ५ वटा Child Friendly Space (CFS) को निर्माण गरीयो।

### World Music Day:

विश्व संगीत दिवसको अवसर पारेर सानो ठिमी प्राविधिक शिक्षालयमा मिति २०७२ असार ०६ गते विभिन्न सांगितीक कार्यक्रमहरु आयो जना गरी संगीत दिवस मनाइयो। उक्त कार्यक्रममा प्रशिक्षार्थीहरुले गीत र संगीतको साथ साथै गजल, कविता, Mimicry लगायत आफूमा भएका अन्य प्रतिभाहरुको समेत राम्रो प्रदर्शन गरेका थिए। यस्ता प्रकारका कार्यक्रमहरुले प्रशिक्षार्थीहरुलाई मनोरन्जन प्रदान गर्नका साथै अरु प्रशिक्षार्थीहरुसँग पनि घुलमिल गर्ने वातावरणको अवसर प्रदान गर्दछ।

### गुरू पूर्णिमा :

सानो ठिमी प्राविधिक शिक्षालयका विभिन्न ट्रेडहरुमा २०७२ श्रावण १५ गते गुरु पूर्णिमाको पावन अवसरमा कार्यक्रमहरु आयो जना गरी गुरु पूर्णिमा मनाइयो। विद्यार्थीको जीवनको अन्धकार लाई हटाएर उनीहरुमा शिक्षाको ज्योति प्रदान गर्न गुरुको अत्यन्तै महत्वपूर्ण भूमिका हुने भएकोले गुरु पूर्णिमाको दिनले विद्यार्थीहरु माझ विशेष महत्व राख्दछ। गुरु पूर्णिमाको पावन अवसरमा सानो ठिमी प्राविधिक शिक्षालयका प्रिन्सिपल श्री चन्द्र कुमार ढुंगानाले विद्यार्थीहरु माझ तालीमको महत्वमाथि प्रकाश पार्दै उनीहरुको उज्जवल भविष्यको कामना गर्नुभयो।



### अन्तर्राष्ट्रिय युवा दिवस :

सानो ठिमी प्राविधिक शिक्षालयले मिती २०७२ श्रावण २७ गते अन्तर्राष्ट्रिय युवा दिवसका अवसरमा देश विकासमा युवाको सहभगिता शिर्षकमा अन्तर ट्रेड निबन्ध प्रतियोगिताको आयोजना गरीयो। उक्त प्रतियोगितामा हाउस वायरिङ, बेसिक इलेक्ट्रोनिक्स, टेलरिङ, मोटरसाइकल, अटोमोबाइल र प्लमबीङ ट्रेडका प्रशिक्षार्थीहरुले सहभागिता जनाएका थिए। निबन्ध प्रतियोगितामा सहभागीहरुले देशको विकासमा युवाहरुको विशेष भूमिका रहेको भन्दै आआफ्नो विचारहरु अभिव्यक्त गरेका थिए। प्रतियोगितामा प्लम्बिङ ट्रेडका प्रशिक्षार्थी वसन्त भण्डारीले प्रथम पुरस्कार प्राप्त गर्नुभएको थियो।

### महिला सफा टेम्पो चालकलाई हलुका सवारी चालकको तालीम

International Labor Organization (ILO) को सहयोगमा महिला सफा टेम्पो चालकका लागि उनीहरुको सिप अभिवृद्धि र भविष्यमा चार पांग्रे सवारी साधन चलाएर आत्मनिर्भर बनाउने अभिप्रायले मिति २०७१ माघ ९ देखि चैत्र २९ सम्म हलुका सवारी चालकको तालीम दिइयो। पिछडिएका वर्ग, एकल महिला, आर्थिक अभावमा परेका र भविष्यमा चार पांग्रे सवारी साधन चलाएर जिविकोपार्जन गर्ने लक्ष्य लिएका ४० जना महिला चालकहरुको उक्त तालीममा सहभागिता रहेको थियो। यस्तो प्रकारको तालीमले उनीहरुको सीप विकासमा मात्र योगदान नपुर्‍याएर पुरुषले मात्र गर्न सकिने भन्ने पेशामा पनि उनिहरुको आत्मविश्वास बढाउन मद्दत पुर्‍याउने छ।

## *i*LEAD तेह्रौं समुहको तालीम सम्पन्न र चौधौं समुह शुरु

Aide et Action को सहयोगमा विगत चार वर्षदेखि विभिन्न विषयमा निरन्तर चार महिने सीपमूलक व्यावसायिक तालीम दिदै आइरहेकोमा युसेप नेपालले तेऱ्हौं समुहको तालीम सम्पन्न गरी प्रमाण पत्र वितरण गरीसकेको छ। साथै चौधौं समुहको तालीम पनि मिति २०७२ जेष्ठ १८ गते देखि शुरु भयो। सन् २०१० देखि निरन्तर ५ वटा विषयमा चार महिने तालीम यस *i*LEAD परियोजना अर्न्तगत संचालन भइरहेकोमा पछिल्लो वर्षयता एक विषय थप गरी जम्मा ६ वटा विषयमा तालीम संचालन गरेको छ। हाल १२३ जना विभिन्न ६ वटा विषयमा तालीम लिदै गरेको यस परियोजना अर्न्तगत हाल सम्म १२६९ जनाले तालीम लिइ सकेका छन्।

## भूकम्प पडित युसेप नेपाल मित्र समुहका सदस्यहरूलाइ राहत वितरण

वैशाख १२ गते को विध्वंसात्मक महाभूकम्प र त्यसपछि आएका शक्तिशाली पराकम्पहरुले भौतिक एवं मानसिक रुपमा जुन क्षति पुऱ्याएको छ त्यसको लेखाजोखा नै गर्न सकिदैन। तापनि विपदको घडीमा सधैं साथ दिने आश्वासनका साथ मिति २०७२ जेष्ठ ४ गते युसेप नेपाल मित्र समुहका भूकम्प पीडित सदस्यहरुलाई युसेप नेपालको तर्फबाट सहयोग स्वरुप राहत सामग्री वितरण गरीयो। १५ जना पीडित समुहलाइ राहत स्वरुप खाद्यन्न टेन्ट तथा ओछ्याउने माट्रेस आदि वितरण गरीएको थियो।

## रोजगारदाताको तर्फबाट भूकम्प पीडितलाई सहयोग

२०७२ वैशाख १२ र त्यस पछि पटक पटकको भूकम्पबाट घरबार विहिन भै युसेप नेपालको संरक्षणमा रहेका करिव २० परिवारलाई विभिन्न संघ संस्था एवं व्यक्तिगत सहयोगहरु प्राप्त हुने क्रममा ठमेल स्थित कम्पनी Ritual Fright P. Ltd. बाट बालबालिकाका लागि खेलकुद एवं शैक्षिक सामाग्री लगायत चाउचाउ, विस्कुट, फ्रुट, खाध्यान्न, आदी सहयोग प्राप्त भएका थियो। उक्त सहयोग सो सस्थाका व्यवस्थापक श्री महेश श्रेष्ठज्यूबाट प्रिन्सिपल श्री चन्द्र कुमार ढुंगानाज्यूलाई हस्तान्तरण गर्नु भएको थियो।



## स्वास्थ शिविर

मिति २०७२ वैशाख १८ गते युसेप नेपालले भूकम्प पीडित टच्छु टोल तथा आसपासका व्यक्तिहरुका लागि निः शुल्क स्वास्थ शिविर संचालन गऱ्यो। भूकम्पका कारण आफ्ना घर गुमाइ वस्न व्यवस्था नभएका २० परिवारलाइ युसेप नेपालको टच्छुटोल स्थित होस्टेलमा वस्ने व्यवस्था मिलाउनका साथै भूकम्पमा शारिरीक तथा मानसिक रुपले घाइते भएका सम्पूर्ण टोलबासी लाई निः शुल्क स्वास्थ परिक्षण तथा औषधि वितरण कार्य सम्पन्न भयो। जिल्ला स्वास्थ कार्यालय भक्तपुर संग सहकार्य गरी संचालन गरीएको यस शिविरमा जम्मा १७२ जनाले स्वास्थ सम्वन्धि सेवा प्राप्त गरेका थिए।

